**सम्बत् २०७६ साल कार्तिक २९ गते शुक्रवार बिहान ०७:३० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुरमा बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरूको मुख्य व्यहोरा देहायबमोजिम रहेको छ -**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश सुशासन विधेयक, २०७६ तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूचीमा हेरफेर सम्बत् २०७६ साउन १ गते देखि लागू हुने गरी स्वीकृति दिने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालय - निर्माणाधिन प्रहरी इकाई भवनहरूको बजेट निकासाको लागि सैद्धान्तिक सहमति दिने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय - प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूचीमा हेरफेर सम्बत् २०७६ साउन १ गते देखि लागू हुने गरी स्वीकृति दिने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालय - प्रदेश सशर्त अनुदान अन्तर्गतका योजना/कार्यक्रम सञ्चालन मापदण्ड तथा योजनाहरू स्वीकृत गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।**